घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०३४३
५६१२६८
५६०७००
वारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np


प.सः- २०७८।०७९
च.नः- ४६२८

मितिः-२०७९।०१।०५

श्री सबै वडा कार्यालय
घोराही उपमहानगरपालिका, दाङ्ग ।

<u>विषयः- स्थानीय तह निर्वाचन सम्बन्धमा ।</u>

प्रस्तुत सम्बन्धमा श्री निर्वाचन आयोग नेपालबाट आसन्न स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै मिति २०७८।१२।०५ गतेको राजपत्र मार्फत निर्वाचन आचार संहिता २०७८ जारी भई मिति २०७८।१२।२५ देखि कार्यान्वयनमा ल्याईएको छ। निर्धारित निर्वाचन कार्यक्रमलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी एवम् भयरहित बनाउन निर्वाचन आचार संहिता लगायत नर्वाचनसँग सम्बन्धीत कानुनहरुको परिपालना गर्नु सम्बन्धीत सबैको कर्तब्य हुन आउछ। यसै सन्दर्भमा यस उपमहानगरपालिकाको तर्फबाट हाल कार्यान्वयनमा रहेको निर्वाचन आचार संहिता २०७८ तथा निर्वाचनसँग सम्बन्धीत कानुनहरु समेतको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि यस उपमहानगरपालिका अन्तर्गतका सबै जनप्रतिनिधिज्यूहरु तथा कर्मचारी वर्गबाट समेत आवश्यक सम्पूर्ण सहयोग एवं सहजीकरणको लागि अनुरोध गरिन्छ। यस क्रममा सम्बन्धीत सबैले उपमहानगरपालिका तथा अन्तर्गतका सबै वडा कार्यालयहरु मातहत रहेका सबै जिन्सी सामग्रीहरु तथा प्राप्त अन्य सुविधाहरुको प्रयोग निर्वाचन आचार संहिता लगायत निर्वाचनसँग सम्बन्धीत कानुनहरु समेतको पालना हुने गरी प्रयोग वा कार्यालयमा हस्तान्तरण गर्नु/गराउनुहुन अनुरोध छ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश दाङ, नेपाल

<u>सादर अवगतार्थः</u>
श्रीमान् नगर प्रमुख ज्यू, घोराही उपमहानगरपालिका, दाङ्ग ।
श्रीमान् नगर उपप्रमुख ज्यू, घोराही उपमहानगरपालिका, दाङ्ग ।



Scanned with CamScanner